आज मिति २०८०।०१।१६ गते शनिबार बिहानको ८:०० बजेमिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहायअनुसारको प्रस्तावहरूमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | मिना |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | नगिना |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | कौसिला |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | महेन्द्र |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री बसन्त न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत | |
| २३ | श्री दिपेश कुमार काफ्ले | अधिकृत छैठौं | |
| २४ | | | |
| २५ | | | |
| २६ | श्री कृष्ण कुमार महतो | कार्यालय सहयोगी | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०८०।०१।१६

**बैठकका प्रस्तावहरू :**

प्रस्ताव नं.१) नगर स्तरीय र वडा स्तरीय योजना संचालनको सिमा निर्धारण सम्बधनमा ।

प्रस्ताव नं.२) लाभग्राही छनौट गरी समान/वस्तु वितरण गर्नुपर्ने वितरणमुखी खरिद योजना संचालन सम्बन्धमा ।

प्रस्ताव नं.३) उपभोक्ता समितिले स्थायी लेखा नम्वर (PAN) मा दर्ता गराउनु पर्ने सिमा सम्बन्धमा ।

प्रस्ताव नं.४) विशेष काममा खर्च गर्न नगर प्रमुखलाई अधिकार दिने सम्बन्धमा ।

प्रस्ताव नं.५) आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.६) अन्तिम किस्ताको वित्तीय समानिकरण अनुदान हस्तान्तरणको निकासा कटौटी सम्बन्धमा ।

प्रस्ताव नं.७) विविध सम्बन्धमा ।

प्रस्ताव नं.८) मिथिला उद्योग बाणिज्य संघको भवन निर्माण सम्बन्धमा ।

**बैठकका निर्णयहरू :**

निर्णय नं.१) प्रस्ताव नं. १ माथि छलफल गर्दा नगर स्तरीय र वडा स्तरीय योजना संचालनको सिमा निर्धारण सम्बधनमा देहाय वमोजिम गर्ने निर्णय पारित गरियो ।

**देहाय**

१. रू.२०(विस) लाख भन्दा कम रकमको नगर स्तरीय योजना नगरको समन्वयमा वडा समितिको सिफारिस वमोजिम संचालन गर्ने ।

२. रू.२०(विस) लाख वा सो भन्दा वढी रकमको नगर स्तरीय योजना नगरले संचालन गर्ने ।

३. वडागत योजनाहरू सम्बन्धित वडाको सिफारिसमा संचालन गर्ने ।

निर्णय नं.२) प्रस्ताव नं. २ माथि छलफल गर्दा लक्षित वर्ग वा लाभग्राही छनौट गरी समान/वस्तु वितरण गर्नु पर्ने वितरण गर्नु पर्ने खरिद सम्बन्धि कार्यकम संचालन गर्नु भन्दा अगाडी विषयगत समितिले खरिद गर्नुपर्ने वस्तु/समानको Specification र संख्या एकिन गरेपछि समितिको सिफारिसमा कार्यपालिकाबाट अनुमोदन गराई खरिद प्रकिया अगाडी वढाउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा रू.१०(दश) लाख वा सो भन्दा वढी रकमको योजना र कार्यकम संचालन गर्ने उपभोक्ता समितिले स्थायी लेखा नम्बर(PAN) अनिवार्य रूपमा लिनुपर्ने र रू.१०(दश) भन्दा कम रकमको योजना तथा कार्यकम संचालन गर्ने उपभोक्ता समतिलिाई स्थायी लेखा नम्बर(PAN) अनिवार्य नगरिने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा वेवारिसे लास व्यवस्थापन, विपद् व्यवस्थापन र आर्थिक सहायता सम्बन्धि तत्काल गर्न विशेष प्रकृतिका कार्यमा खर्च गर्न राहत दिनु पर्ने भएमा औचित्य पुस्टी हुने प्रमाण र वडा समिति/वडा अध्यक्षज्युको सिफारिस तथा अन्य निकायको हकमा नगर प्रमुखको सिफारिस (विपद्को हकमा प्रहरी प्रतिवेदन समेत)को आधारमा नगर प्रमुखले अवस्था हेरी एक व्यक्ति वा परिवारलाई बढीमा रू.२०(विस) हजार सम्मको राहत वा आर्थिक साहायत उपलब्ध गराउने र यसरी उपलब्ध गराउदा एउटै परिवार वा व्यक्तिलाई एक बर्षमा एक पटक भन्दा वढी पटक राहत/सहायता उपलब्ध गराउन नमिल्ने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस मिथिला नगरपालिका वडा नं. ९ वस्ने चैधरी महतोको नाति उपेन्द्र महताको छोरा बर्ष २५ को पवन कुमार महतो छुरा प्रहारबाट गम्भिर घाइते भई उपचारका लागि जनकपुर स्थित जानकी हेल्थ केयरमा उपचार भै रहेको र निजको आर्थिक अवस्था निकै दयनीय भएकोले निजले औषधी उपचार खर्च भक्तानी हुन नसकि निजले आर्थिक सहयोगका लागि मिथिला नगरपालिका ९ नं. वडा कार्यालयको च.नं१८१६ मिति २०७९।१२।०६को पत्रबाट अनुरोध भै आएकोले अस्पातलमा उपचार गराएको प्रेसकिप्सन र विल भरपाई पेश भएपछि निज पवन कुमरा महतोको उपचार गराउन आर्थिक सहयोग वापत एक पटकका लागि नगरपालिकाको अन्य समाजिक सहायता कोषबाट रू २,५०,०००।००(अक्षरूपी दुई लाख पचास हजार मात्र) उपलब्ध गराउने स्वीकृतको लागि नगर सभामा पेश गर्ने निर्णय पारित गरियो । साथै अगामी दिनहरूमा कार्यविधि तयार गरी सोही वमोजिम हुने गरी सहायता कोष परिचालन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा अन्तिम किस्ताको वित्तीय समानिकरण अनुदान हस्तान्तरणको निकासा कटौटी सम्बन्धमा अर्थ मन्त्रालयको प.स.२०७९।८० च.न.१२१ मिति २०८०।०१।१४ गते पत्रबाट आर्थिक बर्ष २०७९।०८० मा हस्तान्तरण हुन वाँकी अन्तिम किस्ताको वित्तिय समानिकरण अनुदान रकम विनियोजन ऐन,२०७९ को दफा ४ को उपदफा(३)वमोजिम हाल पचास प्रतिशतले हुन आउने रकम कटौटी गर्ने भनी आएको पत्रको व्यहोरा यस नगर कार्यपालिका बैठकमा अवगत भयो ।

निर्णय नं.७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा (क)आर्थिक सहायता/राहत प्रयोजनकों लागि विपद् व्यवस्थापन कोषबाट रू १०,००,०००।०० (अक्षरूपी दश लाख मात्र) अन्य समाजिक सहायत कोषमा हस्तान्तरण/रकमान्तरण गर्न स्वीकृतका लागि नगर सभामा पेश गर्ने निर्णय पारित गरियो । (ख) मिथिला नगरपालिका वाडा नं. ११को वडा समितिको निर्णय वमोजिम दैनिक ज्यालादारीमा कार्यालय सहयोगी पदमा मिति २०७९।०४।०४ गते देखि कार्यरत कर्मचारी श्री यज्ञ कुमरी कुँवरलाई मिति २०७९।०४।०४ गते पुष मसान्त सम्मको ज्याला वडा कार्यालयबाट प्रमाणित डोर हाजिरी वमोजिम नियामानुसार हुने भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिथिला उद्योग बाणिज्य संघको भवन निर्माण प्रयोजनका लागि विपद् व्यवस्थापन कोषबाट रू. ७,००,०००।००(अक्षरूपी सात लाख मात्र) मिथिला उद्योग बाणिज्य संघको भवन निर्माण गर्न अन्य सार्वजानिक निर्माण शिर्षकमा हस्तान्तरण/रकमान्तरण गर्न स्वीकृतका लागि नगर सभामा पेश गर्ने निर्णय पारित गरियो ।